नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

# सूचना तथा प्रसारण विभाग

(क्यालेण्डर र डायरी छपाई गरी विक्री वितरण गर्ने सम्बन्धी सिलबन्दी दरभाउपत्र)

सूचना प्रकाशित मितिः २०७५/०८/१४

## (क) दरभाउपत्र खरीद तथा दाखिला सम्बन्धी शर्तहरुः

१. यस विभागको आर्थिक प्रशासन शाखाबाट नगद रु. १०००।–(एक हजार) तिरी दरभाउपत्र खरीद गर्न सकिनेछ ।

२. सूचना प्रकाशित मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समयमा दरभाउपत्र खरिद गर्न सकिने छ ।

३. दरभाउपत्रको प्रत्येक पृष्ठमा दरभाउपत्रवालाले दस्तखत गरी फर्मको छाप लगाएको हुनुपर्नेछ ।

४. दरभाउपत्रकासाथ मूल्यअभिबृद्धि कर, फर्म दर्ता र कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न हुनुपर्नेछ ।

५. सिलबन्दी दरभाउपत्रको खाम बाहिर लाहाछाप संख्या उल्लेख गर्ने र प्रत्येक जोर्निमा आधिकारिक व्यक्तिले सहि गरेको हुनुपर्नेछ । साथै खामको बाहिर २०७६ सालको क्यालेण्डर र डायरी छपाई गरी विक्री वितरण गर्ने सम्बन्धी दरभाउपत्र उल्लेख गर्नुपर्नेछ ।

६. दरभाउपत्र दाखिला गर्ने कार्यालयको नाउँमा **नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सूचना तथा प्रसारण विभाग, सञ्चारग्राम, तिलगंगा** उल्लेख गर्नुपर्नेछ । साथै दरभाउपत्र दाखिला गर्ने व्यक्ति तथा फर्मको नाम ठेगाना पनि स्पष्ट रुपमा उल्लेख गरेको हुनुपर्नेछ ।

७. सूचना प्रकाशित भएको मितिले १६ औं दिन वा सो दिन विदा परेमा त्यसपछिको कार्यालय खुलेको दिनमा दिनको १२ बजेभित्र दरभाउपत्र दर्ता गरिसक्नु पर्नेछ ।

८. दरभाउपत्र पेश गर्ने अन्तिम दिन वा सो दिन विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिनमा दिनको २:०० बजे दरभाउपत्रदाता वा निजहरुको प्रतिनिधिको रोहवरमा यस विभागमा खोलिनेछ । दरभाउपत्रवाला वा निजहरुको प्रतिनिधि उपस्थित नभए पनि उक्त दिन र समयमा खोल्न सकिनेछ ।

९. यस विभागबाट विक्रि भएको दरभाउपत्रलाई मात्र मान्यता दिइनेछ ।

१०. म्याद नाघी आएका, बैंक भौचर संलग्न नभएका, मूल्यअभिबृद्धि कर, फर्म दर्ता र कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न नभएका दरभाउपत्र उपर कारवाही गरिने छैन ।

११. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार यस विभागमा रहनेछ ।

१२. दरभाउपत्रमा एकमुष्ठरुपमा रोयल्टी रकम कबोल गर्नुपर्नेछ । कबोल गरेको रोयल्टी रकमको २.५ प्रतिशतले हुनआउने रकम को.ले.नि.का., बबरमहल, काठमाडौंको नाउँमा नेपाल राष्ट्र बैंक थापाथलीमा रहेको धरौटी खाता नं. १२०१२०००० १००२५२४ मा जम्मा गरेको सक्कल भौचर वा मान्यताप्राप्त क वर्गको बाणिज्य बैंकवाट यस विभागको नाममा न्यूनतम ७५ दिनको मान्य अवधि रहने गरी जारी गरिएको बैक जमानत पत्रको सक्कलै प्रमाण पत्र संलग्न गर्नु पर्नेछ । कबोल गरेको रकम अङ्क र अक्षरमा उल्लेख गर्नु पर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ ।

१३. क्यालेण्डर ६००० (छ हजार) थान र डायरी ३००० (तीन हजार) थान निःशुल्क विभागलाई दिनुपर्नेछ । निःशुल्क दिने क्यालेण्डर तथा डायरीमा **निःशुल्क वितरण** शब्द मुद्रण गर्नुपर्नेछ ।

१४. मुद्रकले विक्री गर्ने क्यालेण्डरमा प्रति क्यालेण्डर रु.६०।-(साठी) र डायरीमा प्रति डायरी रु.३५०।-(तीनसय पचास) मूल्य अंकित गरी सो मूल्यमा नबढ्ने गरी बिक्री वितरण गर्नुपर्नेछ ।

१५. क्यालेण्डर तथा डायरीको लागि एकमुष्ठ न्यूनतम रोयल्टी ३,७५,०००।- (तीन लाख पचहत्तर हजारमात्र) कायम गरिएकोले सो रकममा नघट्ने गरी रोयल्टी रकम कबोल गर्नुपर्नेछ ।

१६. विभागमा निःशुल्क बुझाउने तथा बजारमा बिक्रि गर्ने क्यालेण्डर र डायरी दरभाउपत्रमा उल्लेखित स्पेसिफकेशन अनुरुप आकार र गुणस्तर कायम हुने गरी मुद्रण गर्नुपर्नेछ ।

१७. उल्लेखित शर्तहरुबाहेक अन्य शर्तका हकमा दरभाउपत्रमा उल्लेखित शर्तहरु र सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानून अनुसार हुनेछ ।

१८. क्यालेण्डरमा सूचना तथा प्रसारण विभागले उपलब्ध गराएका विवरण र सार्वजनिक हितका सूचनाहरुहरुबाहेक कुनै पनि रुपका विज्ञापन वा संकेतहरु प्रकाशन गर्न पाइनेछैन । मुद्रक तथा वितरकको नाम विभागले उपलब्ध गराएको स्थानमा मात्र राख्नुपर्नेछ भने डायरीमा विभागले उपलब्ध गराएका विवरण र सार्वजनिक हितका सूचनाहरु सकिएपछिका पानाहरुमा विभागवाट पूर्व स्वीकृति लिएर सम्झौता पत्रमा उल्लेख भएका सर्तको अधीनमा रही विज्ञापनहरु समावेश गर्न सकिनेछ ।

१९. छपाई गरिने कागजको नमूना स्पेसिफिकेसनमा उल्लेख भए अनुसार हुनुपर्नेछ ।

२०. यस सम्बन्धमा अन्य केही बुझ्नु पर्ने भएमा यस विभागमा सम्पर्क राख्न सकिनेछ ।

२१. रीत नपुगेको सिलवन्दी दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।

## (ख) आपूर्ति तथा धरौटी सम्बन्धी शर्तहरु:

१. दरभाउपत्र स्वीकृत भएको ७ (सात) दिनभित्र कबोल रकम बुझाउनु पर्नेछ । रोयल्टी रकम बुझाइसकेपछि मात्र क्यालेण्डर तथा डायरी छपाई गर्न सम्झौता तथा कार्यादेश दिइनेछ ।

२. छपाईको प्रारम्भिक नमूना विभागमा पेश गरी स्वीकृत भएपछि मात्र अन्तिम छपाई कार्य गर्नुपर्नेछ ।

३. दरभाउपत्र स्वीकृत तथा सम्झौता भई कार्यादेश दिइएको मितिले १५(पन्ध्र) दिनभित्र सम्पूर्ण क्यालेण्डर तथा डायरी आपूर्ति गर्नुपर्नेछ ।

४. कबोल बमोजिमको क्यालेण्डर तथा डायरी  विभागमा बुझाईसकेपछि मात्र विक्री गर्न अनुमति पाइनेछ ।

५. दरभाउपत्र स्वीकृत गरी तोकिएको मितिभित्र सम्झौता गर्न नआएमा धरौटी रकम जफत गरिनेछ ।

६. तोकिएको मितिभित्र छपाई सामग्री आपूर्ति नगरेमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हर्जना बुझाउनु पर्नेछ ।

७. धरौटी रकम सम्बन्धित आन्तरिक राजश्व कार्यालयबाट फुकुवा पत्र प्राप्त भएपछि मात्र फिर्ता गरिनेछ ।

## (ग) अन्य व्यवस्था:

१. क्यालेण्डरको प्रत्येक पृष्ठमा राखिने फोटोहरु, तिथि मिति, सरकारी विदाहरु र सार्वजनिक हितका सूचनाहरु यस विभागबाट उपलब्ध गराइएअनुसार गर्नुपर्नेछ ।

२. डायरीको भित्री तथा बाहिरी भागमा राखिने विषयहरु यस विभागबाट उपलब्ध गराइएअनुसार छपाई गर्नुपर्नेछ ।

३. विभागको आवश्यकताअनुसार क्यालेण्डर तथा डायरीको संख्यामा थप गर्न सकिनेछ । थप संख्याको भुक्तानी निर्धारण गरिएको मूल्यको दरमा गरिनेछ ।

४. यस दरभाउपत्रमा प्रकाशित सूचनामा उल्लेखित शर्तहरुबाहेक अन्यको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्बजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ ।